नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६८

राजविराज दैनिक

वर्ष ३६ अंक १०१ २०८३ साल मंसिर १ गते मंगलबार (17 Nov 2026 Tuesday) मूल्य रु. ५/-

बालविवाह र बालश्रम विरुद्ध सजगता

कानुनी उमेर :
नेपालमा विवाह गर्ने कानुनी उमेर २० वर्ष हो ।

उमेर नपुगी विवाह :
शारीरिक र मानसिक स्वास्थ्यमा गम्भीर असर ।

बालश्रम निषेध :
१४ वर्ष मुनिका बालबालिकालाई काममा लगाउनु कानुनी अपराध हो ।

शिक्षाको निरन्तरता :
हरेक बालबालिकालाई विद्यालय पठाउनु अभिभावकको दायित्व हो ।

Log in : *rajbirajdainik.com.np*

यस अंक भित्र : २ पृष्ठमा : चौंरीपालन अवस्था, चुनौती.. ३ पृष्ठमा : विपद्मा संगठनको नेतृत्वदायी.. ३ पृष्ठमा : सञ्चारमाध्यमको कोष ...

सङ्घीयता सुदृढीकरणका लागि राष्ट्रिय बहस आवश्यक : सभापति लामिछाने

जनकपुरधाम, ३० कात्तिक (रासस) ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले सङ्घीयतालाई थप बलियो बनाउन राष्ट्रियस्तरमा ब्यापक छलफल र सहमति आवश्यक रहेको बताउनुभएको छ ।

सो पार्टीका नेता तथा प्रतिनिधिसभा सदस्य अमरेशकुमार सिंहले सोमबारदेखि सुरु गर्नुभएको मेची-महाकाली पदयात्राको सोमबार यहाँ शुभारम्भ गर्दै सभापति लामिछानेले सङ्घीय संरचनालाई व्यवस्थित, प्रभावकारी र नागरिकमैत्री बनाउन रास्वपाले राष्ट्रिय बहस अघि बढाउने तयारी गरिरहेको बताउनुभयो ।

सङ्घीयताको मर्मअनुसार प्रदेश संरचनालाई थप व्यवस्थित तुल्याउँदै तीनै तहका सरकारलाई अधिकार सम्पन्न र जिम्मेवार बनाउनुपर्ने उहाँले आवश्यकता औंल्याउनुभयो ।

सभापति लामिछानेले सङ्घीयता कुनै एउटा राजनीतिक दलको मात्र नभई मुलुकको शासन व्यवस्था र नागरिकको अधिकारसँग जोडिएको विषय भएकाले यसमा सबै राजनीतिक दलबीच साझा समझदारी आवश्यक रहेको उल्लेख गर्नुभयो ।

"सङ्घीयतालाई बलियो बनाउन र प्रदेश संरचनालाई व्यवस्थित गर्न हाम्रो पार्टीले छलफल चलाइरहेको छ,"



सभापति लामिछानेले भन्नुभयो, "सबै राजनीतिक दलसँग सहकार्य गरी सहमतिका आधारमा सङ्घीयतालाई बलियो बनाउने सुधारका काम अघि बढाउँछौं ।" मुलुकको समग्र विकास र सुशासनका लागि तीनै तहका सरकार सक्षम र प्रभावकारी हुनुपर्नेमा उहाँको जोड थियो ।

सभापति लामिछानेले विशेषगरी स्थानीय तहलाई थप अधिकार सम्पन्न बनाउँदै जनताको सबैभन्दा नजिकको सरकारका रूपमा सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्ने बताउनुभयो ।

कानुनी तथा संरचनागत सुधारमार्फत नागरिकलाई वास्तविक अर्थमा अधिकारसम्पन्न बनाउन आफ्नो पार्टी प्रतिबद्ध रहेको उल्लेख गर्दै उहाँले मधेस प्रदेशका समस्या, आवश्यकता र प्राथमिकतालाई ध्यानमा राखेर काम गर्नुपर्ने बताउनुभयो ।

राष्ट्रिय एकता, सामाजिक सद्भाव र आपसी सहकार्यलाई थप मजबुत बनाउन यस्ता पदयात्राले सकारात्मक सन्देश प्रवाह गर्ने विश्वास व्यक्त गर्दै उहाँले मेची-महाकाली यात्राले हिमाल, पहाड र तराईलाई भावनात्मक रूपमा जोड्दै राष्ट्रिय एकताको भावना अभिवृद्धि गर्ने बताउनुभयो ।

त्यस अवसरमा पदयात्रा अभियन्ता सिंहले मुलुकमा सामाजिक सद्भाव कायम राख्ने, राष्ट्रिय एकताको भावना अभिवृद्धि गर्ने र आम नागरिकले भोगिरहेका समस्यालाई नजिकबाट बुझ्ने उद्देश्यले मेची-महाकाली पदयात्रा सुरु गरेको बताउनुभयो । उहाँले मुलुकको वर्तमान अवस्था, नागरिकका अपेक्षा र विभिन्न क्षेत्रका समस्याबारे यात्राका क्रममा प्रत्यक्ष रूपमा बुझ्ने अवसर प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो ।

पदयात्रा केवल भौगोलिक दूरी पार गर्ने अभियान मात्र नभई हिमाल, पहाड र तराईका नागरिकबीच आपसी सम्बन्ध, सद्भाव र एकताको सन्देश प्रवाह गर्ने अभियान पनि भएको उहाँले स्पष्ट पार्नुभयो ।

सांसद सिंहले पदयात्राका क्रममा दैनिक २० देखि २५ किलोमिटरसम्म पैदल यात्रा गर्ने जानकारी दिनुभयो । जानकी मन्दिरबाट सुरु भएको उक्त यात्राका क्रममा मधेससहित देशका विभिन्न भू-भागका नागरिकसँग प्रत्यक्ष संवाद र अन्तरक्रिया गरिने जानकारी दिइएको छ ।

लोकआस्थाको महापर्व छठ सम्पन्न



दैनिक समाचारदाता
राजविराज, ३० कात्तिक ।

लोकआस्थाको महापर्व छठ उदाउँदो सूर्यलाई अर्घ्य अर्पण गर्दै सोमबार बिहान सम्पन्न भएको छ ।

कात्तिक शुक्ल चतुर्थीदेखि सुरु भएर सप्तमीसम्म विधिपूर्वक मनाइने चार दिवसीय यस अनुष्ठान अन्तर्गत आइतबार साँझ अस्ताउँदो र सोमबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएसँगै पर्व समापन भएको हो ।

पर्वको पहिलो दिन व्रतालुहरूले व्रत सङ्कल्प गरी स्नान गरेर चोखोनितो खाँदै 'नहाय-खाय' विधि पूरा गरेका थिए । दोस्रो दिन पञ्चमी तिथिमा दिनभर निराहार व्रत बसी राति सख्खरमा पकाइएको खीर ग्रहण गर्दै 'खरना' सम्पन्न गरिएको थियो । त्यसपछि षष्ठीको सन्ध्याकालीन र सप्तमीको प्रभातकालीन अर्घ्य दिएर चार दिन लामो कठोर व्रत पूरा भएको छ ।

छठ पर्वका लागि पूजा सामग्री र नैवेद्य तयार गर्दा पवित्रता एवं अत्यन्त सावधानी अपनाइन्छ । ढिकी तथा जाँतोमा परम्परागत तरिकाले कुटिएको र पिसिएको गहुँ एवं चामलको पीठोबाट बनाइएका ठकुवा, भुसुवा, मिष्ठान्न परिकार, माटोको भाँडोमा जमाइएको दही, उखु, मौसमी फलफूल र कोसीया-कुरबार जस्ता सामग्री सूर्यलाई अर्घ्यका रूपमा चढाउने प्रचलन छ ।

सूर्यदेवको आराधना गर्नाले चर्मरोग निको हुने, सन्तान र धनधान्य लाभ हुने, निर्धनता हट्ने तथा पारिवारिक आरोग्यता प्राप्त हुने जनविश्वास छ । आरोग्य, दीर्घायु र समृद्धिसँग जोडिएको यस पर्वको धार्मिक मान्यताका साथै वैज्ञानिक र ज्योतिषीय महत्त्व समेत रहेको पाइन्छ । पहिले मुख्यतया तराई-मधेसमा मात्र सीमित रहेको यो पर्व अहिले राजधानी

बाँकी अन्तिम पृष्ठमा

जंगली हात्तीको आक्रमणबाट बृद्धको मृत्यु

दैनिक समाचारदाता
राजविराज, ३० कात्तिक ।

जंगली हात्तीको आक्रमणबाट सप्तरीमा एक ७० वर्षीय बृद्धको मृत्यु भएको छ ।

सप्तरीको सुरूङ्गा नगरपालिका ४ का गोपी चौधरीको मृत्यु भएको हो । चौधरी बाख्रा खोज्न गोठतर्फ गइरहेको बेला हात्तीले आक्रमण गरेपछि मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी प्रवक्ता हेमराज घिमिरेले जानकारी दिए ।

चौधरी जङ्गल नजिक पुगेपछि हात्ती कराएपछि हात्ती जस्तै आवाज निकालेर कराएको चौधरीलाई हात्तीले लखेटेर आक्रमण गरेको स्थानीयको भनाइ छ ।

हात्तीको आक्रमणबाट घाइते भएका चौधरीको प्रादेशिक अस्पताल लाहानमा उपचारको क्रममा मृत्यु भएको उनले जानकारी दिए ।

छठघाट कुरेर बसेका ६० वर्षीय यादव मृत फेला

दैनिक समाचारदाता
जनकपुर, ३० कात्तिक ।

धनुषाको शहीदनगर नगरपालिका २, मतौनास्थित धनी पोखरीमा छठघाटको रेखदेख गर्न बसेका ६० वर्षीय पुरुष मृत अवस्थामा फेला परेका छन् ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार स्थानीय रामजतन यादव पोखरीमा छठघाट निर्माण गरी एक्लै रेखदेख गर्न बसेका थिए ।

उनी सोमबार बिहान ६:०० बजे मृत अवस्थामा फेला परेका हुन । मृतक यादवको दाहिने गालामा मुखदेखि कानको लोतीसम्म धारिलो हतियारले काटेको जस्तो चोट देखिएको प्रहरीले जनाएको छ ।

घटनाबारे जानकारी प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय धनुषाबाट प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालको कमान्डमा कुकुरसहितको प्रहरी टोली घटनास्थलमा खटिएको थियो ।

घटनाको अनुसन्धानका लागि प्रहरीले एक जनालाई नियन्त्रणमा लिएको छ । घटनाको कारण र संलग्न व्यक्तिबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।



सम्पादकीय

फोहरमैला व्यवस्थापनमा ध्यान पुगेन

स्वच्छ र सुन्दर समाज निर्माणका लागि फोहरमैला व्यवस्थापन अत्यन्त आवश्यक पक्ष हो । तर पछिल्लो समय हाम्रो समाजमा फोहरमैला व्यवस्थापनप्रति सम्बन्धित निकायको पर्याप्त ध्यान पुग्न सकेको देखिँदैन । बजार, सडक, चोक, सार्वजनिक स्थल तथा नदी-नालामा जथाभावी फोहर फाल्ने प्रवृत्ति बढ्दै जाँदा वातावरण प्रदूषित हुनुका साथै सर्वसाधारणको स्वास्थ्यमा समेत प्रत्यक्ष असर परिरहेको छ ।

स्थानीय तहले फोहर संकलन तथा व्यवस्थापनका लागि विभिन्न योजना र कार्यक्रम सञ्चालन गरे पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । कतिपय स्थानमा नियमित रूपमा फोहर उठाइँदैन भने कतिपय ठाउँमा फोहोर विसर्जन गर्ने उचित स्थानको अभाव छ । बजार क्षेत्रमा थुप्रिएको फोहर, दुर्गन्ध र नालीमा जमेको फोहोरले नगरको सौन्दर्यसमेत बिगारिरहेको छ ।

घर, पसल तथा सार्वजनिक स्थानबाट निस्कने फोहरलाई जथाभावी फाल्ने बानीले समस्या थप जटिल बनाएको छ । प्लास्टिकजन्य फोहोर, कुहिने र नकुहिने फोहर छुट्याएर व्यवस्थापन गर्ने संस्कार अझै विकास हुन सकेको छैन । तसर्थ फोहरमैला व्यवस्थापन केवल स्थानीय सरकारको जिम्मेवारी मात्र होइन, नागरिकको पनि उत्तिकै दायित्व हो ।

सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन् ।

धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

कंकालिनी मन्दिर : हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।

शम्भुनाथ मन्दिर : यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।

हनुमान मन्दिर : हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।

कोशी टप्पु : कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।

धारापानी क्षेत्र : चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।

लोहजारा दह : तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं ।

जनहीतका लागि : राजविराज दैनिक

चौंरीपालन अवस्था, चुनौती र सम्भावना

डा आलोक प्रसाई

काठमाडौँ, ३० कात्तिक (रासस) ।

नेपालको हिमाली क्षेत्रको अर्थतन्त्र, संस्कृति र जीविकोपार्जन प्रणालीसँग चौंरीपालन अभिन्न रूपमा जोडिएको छ । याक र स्थानीय गाईको संकरणबाट विकसित चौंरी उच्च हिमाली क्षेत्रका समुदायको प्रमुख आयास्रोत, पोषणको आधार तथा यातायातको माध्यमका रूपमा रहँदै आएको छ तर पछिल्लो समय जलवायु परिवर्तन, चरन क्षेत्रको विनास, युवा पुस्ताको वैदेशिक पलायन, उत्पादन लागत वृद्धि र बजार व्यस्थापनको कमजोरीका कारण चौंरीपालन व्यवसाय सङ्कटग्रस्त बन्दै गएको छ ।

चौंरीपालनलाई कृषि, पर्यटन र स्थानीय आर्थिक विकाससँग एकीकृत गर्नसकेमा नेपालको हिमाली क्षेत्रको दिगो विकासमा महत्वपूर्ण योगदान पुग्न सक्दछ । हिमाली जिल्लाको भरपर्दो विकासको आधार र पर्यटकीय आकर्षणको पहिचान, प्रवर्द्धन र बजारीकरणमा हिमाली गाईलाई महत्वपूर्ण माध्यमका रूपमा लिन सकिन्छ ।

नेपालको कूल भूभागको करिब ३५ प्रतिशत हिस्सा हिमाली तथा उच्च पहाडी क्षेत्रमा पर्दछ । यी क्षेत्रका वासिन्दाहरूको जीवनयापन प्राकृतिक स्रोत र पशुपालनमा आधारित रहेको छ । त्यसमध्ये चौंरीपालन परम्परागत तथा आर्थिक दृष्टिले महत्वपूर्ण व्यवसाय मानिन्छ । चौंरी केवल दूध दिने घरपालुवा जनवार मात्र नभई हिमाली समुदायको सभ्यता, संस्कृति र अर्थतन्त्रको महत्वपूर्ण आधारसँग पनि जोडिएको छ । हिमाली समुदायले चौंरीबाट दूध, घ्यू, छुर्पी, दही, चिजलगायतका वस्तुको उत्पादन गर्दछन् । साथै, एक स्थानवाट अर्को स्थानसम्म सामान लैजानका लागि ढुवानी, पर्यटनका लागि दृष्यावलोकन तथा अध्ययन र कृषि कार्यमा समेत यसको उपयोग गर्दै आएको छ ।

बढ्दो सहरीकरण, आधुनिक जीवनशैली तथा वैदेशिक रोजगारीको प्रभावले चौंरीपालन व्यवसाय क्रमशः घट्दो अवस्थामा पुगेको छ । हिमाली बस्तीहरू बसाई सर्ने, सुविधाको खोजीमा अन्य क्षेत्रमा जाने, प्रतिस्पर्धात्मक चिन्तनबाट आफ्नो स्थान छाड्ने जस्ता विषयवस्तुको कारण गाउँ उजाड हुँदै गएको छ । गोठ तथा गोठालाको कमी, व्यवसायको ह्रास, खरिदबिक्रीमा असहजता, पैठारीमा समस्या, विमाको समस्या, रोग तथा भैपरि आउने समस्याले यसको पालनमा ठूलो समस्या आएको देखिन्छ ।

चौंरीको विकासक्रम

चौंरीको विकासक्रम याक र स्थानीय गाईबीचको समिश्रणबाट उत्पन्न हुने प्रजाति चौंरी हो । हजारौं वर्षदेखि हिमाली क्षेत्रमा परम्परागत याक रहेको, यसको पालन हुँदै आएको विभिन्न तथ्याङ्कहरूले स्पष्ट पारेको छ । स्थानीय गाई र याकबीचको प्राकृतिक तथा नियमित सम्भोगबाट चौंरी जातिको विकास भएको मानिन्छ । नेपाल, तिब्बत, भूटान तथा भारतका विभिन्न प्रान्त सिक्किम, लद्दाख र अरूणान्चल प्रदेशमा चौंरीपालनको परम्परा विकसित भएको पाइन्छ । नेपालमा हिमाली जिल्लाहरूमा व्यावसायिक रुपमै चौंरीपालन भएको पाइन्छ । विशेषगरी कोशी प्रदेशका सोलुखुम्बु, भोजपुर, इलाम, ओखलढुङ्गा, पाँचथर, ताप्लेजुङ, सङ्खुवासभा, बागमती प्रदेशको दोलखा, सिन्धुपाल्चोक, रसुवा, रामेछाप, नुवाकोट, धादिङ गण्डकी प्रदेशको मुस्ताङ, मनाङ, गोरखा, कास्की, म्याग्दी, लमजुङ, लुम्बिनी प्रदेश रुकुम, कर्णाली प्रदेशको डोल्पा, हुम्ला, मुगु, जुम्ला, कालीकोट, सुदूरपश्चिम प्रदेशको दार्चुला, बझाङ, बाजुरा जिल्लाहरूमा पाइन्छन् । नेपालमा यसको सङ्ख्या करिब एक लाख रहेको छ भने सबैभन्दा धेरै कोशी प्रदेशमा रहेको देखिन्छ ।

याक, चौंरी, तोले र खच्चड हिमाली तथा उच्च पहाडी क्षेत्रका महत्वपूर्ण पशु हुन् । कतिपयलाई यी सबै एकै प्रजाति हुन् भन्ने भ्रम पनि हुनसक्छ तर यथार्थता भने यसको प्रजनन विकास भिन्नै प्रकारको रहेको छ । यिनीहरूको नाम, काम बसाइ, खुवाइ तथा उस्तै हावापानीमा रहने भएता पनि यसको पहिचान बिल्कुल फरक रहेको छ । याक शुद्ध हिमाली जात हो । यसमा कुनै मिस्रित अवस्था रहेको हुँदैन । याक तीन हजार मिटरभन्दा माथि उच्च हिमाली भागमा बस्ने जनावार हो । यसको दूध, मासुको उपभोगका साथै सामान ढुवानीमा पनि प्रयोग गरिन्छ । यसलाई चीन तथा तिब्बतसँग जोडिएका स्थानहरूमा निर्यात गर्ने र स्थानियको आयआर्जन सुधार ल्याउने साधनका रूपमा प्रयोग हुँदै आएको छ । याक सामान्यतया ३-४ वर्षको उमेरमा प्रजननयोग्य हुन्छ र वर्षमा प्रायः एक वटा बाच्छा जन्माउँछ । यसको गर्भधारण अवधि करिब २५५-२७० दिन हुन्छ र उचित व्यवस्थापनमा २०-२५ वर्षसम्म बाँच्न सक्छ । वयस्क भाले याकको तौल ३५०-६०० केजी तथा पोथीको २००-३५० केजीसम्म हुन्छ । यसको बजार मूल्य करिब रु एक लाखदेखि चार लाखसम्म पर्दछ ।

चौंरी (याक र स्थानीय गाईको मिस्रण) पनि प्रायः वर्षमा एक बाच्छा जन्माउने क्षमता राख्छ, यसको आयु १८-२५ वर्षसम्म हुन्छ र तौल २५०-४५० केजीसम्म पुग्न सक्छ । यसको मूल्य करिब रु एक लाखदेखि तीन लाखसम्म पर्दछ । तोले (चौरी र गाई वा चौरी वंशको अर्को प्रकार) आकारमा केही सानो हुन्छ, सामान्यतया २००-३५० केजी तौलको हुन्छ र राम्रो व्यवस्थापनमा १५-२० वर्षसम्म बाँच्न सक्छ । यसको प्रजनन क्षमता हुँदैन । यसको मूल्य करिब रु ७० हजारदेखि दुई लाखसम्म पर्दछ । खच्चड (घोडा र गधाको संयोग) भने प्रायः बाँझो हुने भएकाले प्रजनन गर्न सक्दैन । यसको आयु ३०-४० वर्षसम्म हुन सक्छ र तौल ३५०-५०० केजीसम्म हुन्छ । यसको मूल्य करिब रु एक लाखदेखि पाँच लाखसम्म पर्दछ ।

हिमाली क्षेत्रमा पालन गरिने यी सबै पशुहरूको मुख्य आहार प्राकृतिक घाँस, हिमाली चरन क्षेत्रका जडीबुटी, झाडीका कोपिला, घाँस, पराल तथा आवश्यक परेमा दाना र खनिज मिश्रण हुन् । यी घरपालुवा जनावारहरू कठिन हिमाली भौगोलिक अवस्थामा अनुकूलित भएकाले लामो दूरी हिँड्न र उकालो-ओरालो पार गर्न सक्षम हुन्छन् । याक र चौंरी सामान्यतया घण्टामा २०-३० किलोमिटरसम्म दौडन सक्छन् भने खच्चड ४०-५० किलोमिटरसम्मको गतिमा दौडन सक्ने र भारी सामान बोक्न अत्यन्त सक्षम हुन्छन् । वन्यजन्तु, विशेषगरी हिउँचितुवा, ब्वाँसो, भालु तथा जङ्गली कुकुरको आक्रमणबाट बचाउन चरन क्षेत्रमा गोठालोको नियमित निगरानी, तालिमप्राप्त रक्षात्मक कुकुरको प्रयोग, बलियो गोठ निर्माण, रातिको समयमा सुरक्षित घेराबार, समूहमा चराउने व्यवस्था तथा क्यामरा ट्यापिङ वा घण्टी जस्ता निगरानी उपकरणको प्रयोग प्रभावकारी मानिन्छ ।

चौंरीको दूधलाई प्रसस्त भिटामिन भएको तरल तथा खानाको रूपमा लिने गरिन्छ । विशेषतः चौंरीको दूधमा बोसो, प्रोटिन र क्याल्सियम बढी हुने गर्दछ । दूधबाट निकालिने घीउमा औषधिजन्य वस्तुको रूपमा प्रयोग गरिने र त्यसलाई सामाजिक तथा धार्मिक कार्यहरू: विवाह, भोज, पर्व, सामूहिक माहोत्सवहरूमा विशेष महत्वका साथ उपयोग गरिने चलन रहेको छ । यसको दूधबाट विभिन्न प्रकारका छुर्पीहरू पनि उत्पादन गरिन्छ । ती छुर्पी स्वदेशमा मात्र नभएर अमेरिका, युरोप, जापान तथा कोरिया लगायतका देशहरूमा पनि निर्यात हुने गर्दछ । यसबाट उत्पादन हुने चिज सामान्य घरपरिवारदेखि ठूला तारे होटलहरूमा पनि प्रयोग हुँदै आएको छ । विश्वका धेरै मुलुकहरूमा पनि यसको माग रहने गर्दछ । कति देशहरूमा छुर्पीलाई घरपालुवा कुकुरको खानामा समेत प्रयोग गर्नका लागि नै नेपालबाट पैठारी हुँदै आएको छ । चौंरीको गोबरलाई पनि जैविक मल तथा इन्धनका रूपमा प्रयोग गरिन्छ । चौंरी हिमाली जिल्लाको पहिचान तथा बहुउपयोगी वस्तु भएकै कारण यसलाई पर्यटकीय सम्पदासँग जोडेर पनि हेर्न सकिन्छ ।

चौंरीपालनका प्रमुख समस्याहरू

नेपालमा वर्षौंदेखि चौंरीपालन हुँदै आएको भए पनि पछिल्लो समय यसप्रति किसानहरूको आकर्षण विस्तारै घट्दै गएको देखिन्छ । चौंरीपालनमा देखिएका समस्याहरू निम्न रहेका छन् :

जलवायु परिवर्तन : पृथ्वीको तापक्रम, वर्ष, हावापनी, तथा अन्य मौसमी अवस्थाहरूमा दीर्घकालीन रूपमा हुने परिवर्तनलाई जलवायु परिवर्तन भनिन्छ । यसको प्रमुख कारण तापक्रम हरित ग्यासको वृद्धि, वन विनाश, इन्धनको अत्यधिक प्रयोग तथा औद्योगिकीकरण हो । जलवायु परिवर्तनका कारण तापक्रम वृद्धि, हिम नदी पग्लिनु, अनियमित वर्ष, वाढी, पहिरो, खडेरी तथा जैविक विविधतामा ठूलो प्रभाव पर्ने देखिन्छ ।

चरन क्षेत्रको अभाव : सामुदायिक वन विस्तार तथा भूमि उपयोग परिवर्तनका कारण खर्क क्षेत्र घट्दै गएको छ । चौंरीलाई आवश्यक पर्ने आहार, घाँसेमैदान संरक्षणमा ध्यान दिन नसक्दा यसको खानामा ठूलो समस्या आउन थालेको छ ।

पशु स्वास्थ्य सेवा: दुर्गम हिमाली क्षेत्रमा पशु स्वास्थ्य सेवाको खासै सुविधा देखिँदैन । वातावरण प्रदूषण तथा जलवायु परिवर्तनका कारण विभिन्न रोग फैलँदै गएका छन् । यसले गर्दा चौंरी पाल्ने कृषकहरूलाई ठूलो मार परेको छ । आर्थिक हिसावले चौंरीको मूल्य धेरै पर्ने हुँदा त्यसमा रोग लागेर मर्न जाँदा किसानलाई ठूलो आर्थिक चार थपिन्छ ।

बजार पहुँच :

चौंरीपालनबाट तयार गरिएको दूध, दही, चिज, घ्यू, छुर्पी आदि उत्पादन बिक्री गर्दा कृषकले उचित मूल्य पाउँदैनन् । लगानी तथा मिहेनत अनुसारको मूल्य मात्र नभई कुनै बेलामा तथा उपयुक्त बजार पनि पाउँदैनन् । विगतमा चौंरी प्रजातिलाई सजिलै तिब्बतमा निर्यात गर्न सकिन्थ्यो तर हाल उक्त कार्यलाई सरकारको कानुनले त्यसो गर्न दिदैन । विदेशमा लगरेर बेच्ने कुनै सरकारी नियम नभएकाले बजारको पनि ठूलो समस्या देखापरेको छ ।

जनशक्ति अभाव : दिन प्रतिदिन युवाहरू विदेश पलायन हुँदा गएका छन् । चौंरी पाल्ने वा गोठको हेरचाह गर्ने कसैले पनि गर्ने कार्य परम्परागत नै चलिआएको छ । उनीहरूलाई दक्ष बनाउने, तालिम प्रदान गर्ने, जनचेतनामूलक कार्यसम्बन्धी कुनै निकायवाट जानकारी गराएको देखिँदैन । यसले गर्दा नयाँ व्यवसायीहरू यस पेसामा प्रवेश नै गर्न रुचाउँदैनन् भने गरिराखेकाहरू पनि अर्को व्यवसायको खोजीमा रहेको देखिन्छ ।

अन्त्यमा, चौंरी गाई नेपालको हिमाली क्षेत्रको आर्थिक, सामाजिक तथा सांस्कृतिक जीवनसँग जोडिएको अमूल्य सम्पदा हो । चौंरीपालनले हिमाली समुदाययाई खाद्य सुरक्षा, पोषण, रोजगारी तथा आयार्जन प्रदान गर्दै आएको छ । यद्यपि जलवायु परिवर्तन, चरन क्षेत्रको अभाव, बजार वस्थापनको कमजोरी र जनशक्ति पलायनले यस क्षेत्रलाई चुनौति पूर्ण अअवस्थामा पुऱ्याएको छ । सङ्घ सरकार, प्रदेश र स्थानीय सरकार तथा निजी क्षेत्रबीच प्रभावकारी समन्वय गरी चौंरीपालनको आधुनिकीकरण, व्यावसायीकरण तथा संरक्षण गर्न सकेमा यो व्यवसाय हिमाली क्षेत्रको दिगो आर्थिक विकासको आधार बन्न सक्छ । राष्ट्रिय चौंरी विकास नीति, खर्क संरक्षण तथा व्यवस्थापन, चौंरीजन्य उत्पादनको ब्रान्डिङ, पशु स्वास्थ्य सेवा, युवा लक्षित कार्यक्रम, चौंरी अनुसन्धान केन्द्र, पर्यटनसँग जोड्ने कार्यक्रम, राष्ट्रिय चौंरी महोत्सव, अनुदान जस्ता प्रवर्द्धनका कार्यक्रम आवश्यक रहेको छ । चौंरी संरक्षण गर्नु भनेको केवल एउटा घरपालुवा वस्तुको संरक्षण मात्र नभई नेपालको हिमाली सभ्यता, संस्कृति, जैविक विविधता र परम्परागत प्रणालीको संरक्षण पनि हो । (लेखक पर्यटनविद् हुनुहुन्छ)

विपद्मा संगठनको नेतृत्वदायी भूमिका राज्यको विपद् प्रतिकार्य क्षमताको महत्वपूर्ण आधार बनेको छ : सेना

काठमाडौँ, ३० कात्तिक (रासस)।

नेपाली सेनाले विपद् पछिको चुनौतीपूर्ण परिस्थितिमा नागरिकको जीवन रक्षा, उद्धार, तथा पुनःस्थापनाका लागि निर्वाह गर्दै आएको नेतृत्वदायी भूमिका राज्यको विपद् प्रतिकार्य क्षमताको महत्वपूर्ण आधार बनेको स्पष्ट पारेको छ।

गत भदौ/असोजको भोटेकोशी र बुढीगण्डकी बाढी तथा यस वर्षको मनसुनमा भएका अन्य प्राकृतिक विपद्का घटनामा त्रुटिरहित ढङ्गबाट हवाई, जमिनी र टनेलजस्ता जोखिमपूर्ण उद्धार कार्य गरी सङ्गठनले व्यावसायिक क्षमता प्रदर्शन गरेको सेनाले जनाएको छ।

प्राकृतिक विपद् जोखिमका दृष्टिले नेपाल संवेदनशील मुलुक भएकाले जलवायु परिवर्तन, विश्वयापी तापक्रम वृद्धि, भौगोलिक बनावट तथा मौसमी प्रतिकूलताकाकारण नेपालमा बाढी, पहिरो, डुबान, हिमपहिरो र भूकम्पजस्ता विपद्का घटना दोहोरिँदै आएका छन्।

विपद् प्रभावित क्षेत्रमा महामारी नियन्त्रणका लागि निर्मलीकरण, मनोसामाजिक परामर्श तथा राहत सामग्रीको गुणस्तर परीक्षणजस्ता सञ्चालन गरिएका कार्य समेतले विपद्पछिको मानवीय आवश्यकता सम्बोधनमा सेनाको बहुआयामिक भूमिकालाई स्पष्ट गरेको सैनिक प्रवक्ता राजाराम बस्नेतले बताउनुभयो।

विपद् प्रभावित क्षेत्रमा मुलुकको प्रमुख सुरक्षा सङ्गठन सेनातर्फबाट गरिएका कार्य र समन्वयबारे सेनाले राष्ट्रिय समाचार समिति (रासस)लाई उपलब्ध गराएको लेख यस प्रकार छ : विपद्भाव हातेमालोः समन्वय, सहकार्य र मानवीयताको अनुपम उदाहरण

गत भदौ १० गते भोटेकोशी बाढीले ठूलो जनधनको क्षति तथा सडक, पुल, विद्युत् तथा सञ्चार संरचनामा गम्भीर असर पुऱ्यायो। बाढीबाट प्रभावित नागरिकको खोज, उद्धार तथा राहत कार्य जारी रहेकै अवस्थामा असोजको अविरल वर्षाले देशका विभिन्न क्षेत्रमा थप बाढी, पहिरो र डुबानको जोखिम सिर्जना गऱ्यो। त्यसबाट खासगरी बागलुङ, पर्वत, म्याग्दी, मनाङ र मुस्ताङलगायतका जिल्लामा जनधन तथा सडक-पुलजस्ता भौतिक पूर्वाधारमा क्षति हुँदा स्थानीय बासिन्दा र पर्यटकसमेत प्रभावित भए।

त्यस्तो विषम परिस्थितिमा नेपाली सेना स्थल तथा हवाई साधन, स्वास्थ्यकर्मी र इन्जिनियरिङ फौजसहित ठूलो सङ्ख्यामा जनशक्ति परिचालन गरी खोज तथा उद्धार, राहत वितरण र जोखिममा रहेका नागरिकको सुरक्षित स्थानान्तरणमा सक्रिय रह्यो। भोटेकोशी बाढीपछिको प्रतिकार्यमा सेनाले योजनाबद्ध रूपमा उपलब्ध स्रोतसाधन परिचालन गर्दै जोखिममा परेका नागरिकको जीवन रक्षा गर्न प्राथमिकता दियो। भदौ २४ गतेसम्म ४ हजार ८१ जनाको हवाई उद्धार गरिएको तथ्यले सेनाको सक्रियता र उद्धार क्षमतालाई प्रतिबिम्बित गरेको छ। यसै क्रममा जलविद्युत् आयोजनाको सुरुङभित्र फसेका तीन जनालाई १० दिनपछि जीवितै उद्धार गरिनु विपद् प्रतिकार्यको उल्लेखनीय उपलब्धि हो।

विपद् प्रतिकार्यमा सेनाको भूमिका खोज तथा उद्धारमा मात्र सीमित छैन। भोटेकोशी बाढीपछि प्रभावित क्षेत्रमा स्वास्थ्य सेवा उपलब्ध गराउन परिचालित इमर्जेन्सी मेडिकल रेस्पोन्स टिमले तीन हजार ५३५ जनालाई स्वास्थ्य सेवा प्रदान गरेको थियो। महामारी नियन्त्रणका लागि निर्मलीकरण, मनोसामाजिक परामर्श तथा राहत सामग्रीको गुणस्तर परीक्षणजस्ताकार्यसमेत सञ्चालन गरिए। त्यसले विपद्पछिको मानवीय आवश्यकता सम्बोधनमा सेनाको बहुआयामिक भूमिकालाई स्पष्ट पारेको छ।

यसैगरी, असोजको अविरल वर्षा र बाढीका कारण पर्वत, बाग्लुङ, म्यादी र मनाङ जिल्लाहरूका प्रभावित नागरिकको उद्धार तथा सुरक्षित स्थानान्तरणमा समेत सेनाले महत्त्वपूर्ण योगदान गरेको छ। जोखिमपूर्ण स्थानमा रहेका १२७ जनालाई हवाई माध्यमबाट सुरक्षित स्थानमा स्थानान्तरण गरियो। त्यस्तै असोज २५ गते बूढीगण्डकी बाढीबाट प्रभावित स्वदेशी तथा विदेशी गरी एक हजार १०६ जनालाई हेलिकप्टर र स्थल मार्गबाट उद्धार गरियो। सडक सञ्जाल विच्छेद भएका क्षेत्रमा करिब १८ हजार ६८० किलोग्राम खाद्यान्न तथा राहत सामग्री ढुवानी र प्रभावित घरमा डुबानमा परेका सामान सुरक्षित रूपमा निकाल्न सहयोग गरेको थियो।

विपद्पछिको पुनःस्थापना र पूर्वाधार पुनर्निर्माणमा समेत सेनाको योगदान उल्लेखनीय छ। भोटेकोशी बाढीबाट क्षतिग्रस्त सडक सञ्जाल पुनः सञ्चालन गर्न देवीघाटस्थित तादी खोला र बेत्रावतीस्थित फलाकु खोलामा एक्रोब्रिज जडान गरी रसुवाको आवागमन सहज बनाउन सेनाले सहयोग गऱ्यो।

त्यस्तै, मनाङको चामेमा पहिरोका कारण थुनिएको मर्स्याङ्दी नदीको बहाव पूर्ववत् सञ्चालन गर्न, अवरुद्ध विद्युत् प्रसारण लाइन सञ्चालनमा सहयोग गर्न तथा बगाएको पुलको स्थानमा अस्थायी पुल निर्माण गरी माथिल्लो मनाङसँगको आवागमन सुचारु गर्न सेनाले भूमिका निर्वाह गरेको थियो।

बुढीगण्डकी बाढीबाट क्षतिग्रस्त आरुघाटस्थित पुलको स्थानमा बेलिब्रिज जडान तत्काल जडान गरी सडक आयोजनालाई हस्तान्तरण गरेको छ। ती उपलब्धिको अर्को महत्त्वपूर्ण आधार विभिन्न निकायबीचको समन्वय र सहकार्य हो। विपद् व्यवस्थापन कुनै एक निकायको प्रयासबाट मात्र सम्भव हुँदैन। नेपाल सरकारको निर्देशनमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, स्थानीय प्रशासन, स्थानीय तह, गैरसरकारी संस्था तथा स्थानीय समुदायबीचको एकीकृत प्रयासले उद्धार, राहत र पुनःस्थापनालाई प्रभावकारी बनाएको छ। भोटेकोशी बाढीका क्रममा त्रिशूलीको मैथिली क्याम्पमा विपद् प्रतिकार्य ट्याक्टिकल हेडक्वार्टर र रसुवाको धुन्चेमा फरवार्ड कमान्ड सेन्टर स्थापना गरी फिल्ड तहका समस्या तत्काल समाधान गर्ने व्यवस्था मिलाइएको थियो। त्यसले निर्णय प्रक्रिया र कार्यान्वयन बीचको दूरी घटाउँदै उपलब्ध जनशक्ति तथा स्रोतसाधनको व्यवस्थित परिचालनमा सहयोग पुऱ्याएको थियो। त्यस क्रममा त्रुटिरहित ढङ्गबाट हवाई, जमिनी र टनेलजस्तो जोखिमपूर्ण उद्धार कार्य गरेर नेपाली सेनाले आफ्नो साहसिक र व्यावसायिक क्षमतासमेत प्रदर्शन गरेको छ।

नेपाली सेनाको नेतृत्वमा हरेक वर्ष सञ्चालन हुने संयुक्त विपद् प्रतिकार्य अभ्यासले पनि यस्तो समन्वयलाई थप सुदृढ बनाएका छन्। पूर्वतयारी, तालिम, अभ्यास र वास्तविक घटनास्थलमा गरिएको सहकार्यले विपद्का बेला विभिन्न निकायबीच कार्यगत एकरूपता कायम गर्न मद्दत पुऱ्याउँछ।

प्रतिकूल मौसम, दुर्गम भूगोल र अवरुद्धस्थल मार्गका बाबजुद ड्रोनजस्ता प्रविधिको उपयोग गरी आवश्यक सामग्री ढुवानी तथा उद्धार कार्यलाई सहज बनाइनुले सेनाको बदलिँदो प्रविधिप्रतिको अनुकूलन क्षमता पनि देखाएको छ।

प्राकृतिक विपद् रोक्न नसकिए पनि प्रभावकारी पूर्वतयारी, समयमै उद्धार, राहत, पुनः स्थापना र आपसी सहकार्यबाट यसको क्षति न्यूनीकरण गर्न सकिन्छ। विपद्का हरेक कठिन घडीमा अग्रपङ्क्तिमा रही नागरिकको जीवन रक्षामा समर्पित नेपाली सेनाको भूमिका केवल सुरक्षा दायित्वमा सीमित छैन, यो मानवीय सेवा, राष्ट्रिय जिम्मेवारी र नागरिकप्रतिको प्रतिबद्धताको सशक्त उदाहरण पनि हो।

सरोकारवाला निकायबीचको समन्वय, सहकार्य र सामूहिक प्रयास नै प्रभावकारी विपद् प्रतिकार्यका आधार हुन् भन्ने सन्देश हालैका विपद्का घटनाले पुनः पुष्टि गरेको छ।

शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

अनुरोधकर्ता

रुपनी गाउँपालिकाको कार्यालय, सप्तरी

विश्व समाचार

सञ्चारमाध्यमको कोष विवादमा चेक गणतन्त्रमा विशाल प्रदर्शन

प्राग, ३० कात्तिक (रासस/एपी)।

सार्वजनिक रेडियो र टेलिभिजनको वित्तीय व्यवस्था परिवर्तन गर्ने सरकारको योजनाविरुद्ध चेक गणतन्त्रको राजधानी प्रागमा आइतबार करिब तीन लाख ५० हजार मानिसले प्रदर्शन गरेका छन्। प्रधानमन्त्री आन्द्रेज बाबिस नेतृत्वको सरकारले ल्याएको योजनाले सञ्चारमाध्यमको स्वतन्त्रता कमजोर पार्न सक्ने भन्दै प्रदर्शनकारीले विरोध गरेका हुन्।

सन् १९८९ को भेलभेट क्रान्तिको वार्षिकोत्सवको पूर्वसन्ध्यामा लेटना पार्कमा आयोजित प्रदर्शनमा सहभागीहरूले योजना फिर्ता लिन माग गरे। आयोजक मिकुलास मिनारले यसलाई आन्दोलनको सुरुआत मात्र भएको बताउनुभयो।

सरकारले नागरिक तथा व्यवसायबाट उठाइँदै आएको नियमित शुल्कको सट्टा सार्वजनिक सञ्चारमाध्यमलाई राज्यको बजेटबाट रकम दिने प्रस्ताव गरेको छ। तर, यसबाट उनीहरूको बजेट करिब १५ प्रतिशत घट्ने र कर्मचारी कटौती तथा कार्यक्रम बन्द हुन सक्ने चिन्ता व्यक्त गरिएको छ। आलोचकहरूले यसले सरकारको सञ्चारमाध्यममाथिको नियन्त्रण बढाउने बताएका छन्।

विधेयक संसद्बाट अघि बढाउने क्रममा विपक्षीको बोल्ने समय सीमित गरी बिहान ४:३६ बजे मतदान गराइएको घटनाले पनि विरोध चर्काएको छ। सार्वजनिक सञ्चारमाध्यमका कर्मचारीले हडताल गर्नुका साथै श्रमिक सङ्गठन, विश्वविद्यालय, विद्यार्थी, कलाकार र अन्तर्राष्ट्रिय सञ्चारमाध्यम संस्थाले आन्दोलनलाई समर्थन गरेका छन्। युरोपेली संसद्का समेत यस विषयमा छलफल भएको थियो।

प्रधानमन्त्री बाबिसले भने योजनाले सञ्चारमाध्यमको स्वतन्त्रतामा असर नपार्ने दाबी गर्दै त्यसलाई अघि बढाउने बताउनुभएको छ। प्रदर्शनकारीले सरकारको रक्षा नीतिको पनि विरोध गर्दै रुससमर्थक दलका नेता तथा सभामुख टोमियो ओकामुरा र रक्षामन्त्री जारोमिर जुनाको राजीनामा माग गरेका छन्। आयोजक मिनारले रुससमर्थक दलका कारण देशको रक्षा क्षमता कमजोर हुन सक्ने चिन्ता व्यक्त गर्नुभयो।

सुडानमा ड्रोन आक्रमण, चार बालबालिकासहित १५ जनाको मृत्यु

खार्तुम, ३० कात्तिक (रासस/एएफपी)।

सुडानको पश्चिम कोर्डोफान राज्यस्थित एक गाउँमा सेनाले गरेको ड्रोन आक्रमणमा फुटबल खेलिरहेका चार बालबालिकासहित १५ जनाको मृत्यु भएको छ। आइतबार अबु कल्ब गाउँमा भएको आक्रमणमा अन्य केही घाइते भएका छन् भने कैयौँ घरमा आगलागी भएको स्थानीय अधिकार अनुगमन संस्थाले जनाएको छ।

स्थानीय अधिकार अनुगमन संस्था कोर्डोफान अब्जर्भेटरीका अनुसार सेनाले एउटै क्षेत्रमा दुईपटक ड्रोन प्रहार गरेको थियो। पहिलो प्रहार गाउँको सार्वजनिक चोकमा भएको थियो, जहाँ बालबालिका फुटबल खेलिरहेका थिए। दोस्रो प्रहार स्थानीयका घरमा हुँदा धेरै घरमा आगलागी भएको थियो।

आफ्नो सुरक्षा जोखिमका कारण नाम सार्वजनिक नगर्न आग्रह गरेका एक जीवित व्यक्तिले सञ्चार अवरोध छल्न स्याटेलाइट इन्टरनेट प्रयोग गरी घटनाबारे जानकारी दिएका छन्। उनका अनुसार आक्रमणमा १५ जनाले ज्यान गुमाएका छन्। मारिएकामध्ये नौ जना उनका आफन्त थिए। उनले युद्धमा यसअघि नै बुबा गुमाएका दुई बालबालिकासमेत आक्रमणमा मारिएको बताएका छन्।

सुडानी सेनाले सन् २०२३ को अप्रिलदेखि जारी युद्धमा अर्धसैनिक द्रुत समर्थन बल (आरएसएफ) को नियन्त्रणमा रहेका क्षेत्र पुनः कब्जा गर्ने प्रयासस्वरूप पश्चिम कोर्डोफान राज्यमा प्रत्याक्रमण गरिरहेको छ। सोही क्रममा गाउँमा आक्रमण भएको हो।

सहायता क्षेत्रमा कार्यरत अधिकारीहरूको अनुमानअनुसार सुडानको युद्धमा अहिलेसम्म दुई लाखभन्दा बढी मानिसको मृत्यु भइसकेको छ। युद्धले विश्वकै ठूलो भोकमरी र विस्थापन सङ्कटसमेत निम्त्याएको छ।

संयुक्त राष्ट्रसङ्घले युद्धरत दुवै पक्षले व्यापक रूपमा ड्रोन प्रयोग गरिरहेको भन्दै बारम्बार चिन्ता व्यक्त गर्दै आएको छ। सन् २०२६ को पहिलो छ महिनामा मात्रै ड्रोन आक्रमणमा एक हजार १०० भन्दा बढी मानिसको मृत्यु भएको राष्ट्रसङ्घले जनाएको छ। यस वर्ष भएका बालबालिकासम्बन्धी सयौँ हताहतीमध्ये करिब दुई तिहाइको मृत्यु वा घाइते हुनुमा ड्रोन आक्रमण जिम्मेवार रहेको राष्ट्रसङ्घले यसै साता बताएको छ।

एनपिएलको लिग चरण सकियो

काठमाडौँ, ३० कात्तिक (रासस)।

तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेट प्रतियोगिताको लिग चरण सकिएको छ। सोमबार सम्पन्न दुई खेलको नतिजासँगै प्रतियोगिताको पहिलो चरण पूरा भएको हो। लिग चरणका खेल सकिँदा चार टोलीले 'प्लेअफ'मा स्थान सुरक्षित गरेका छन् भने चार टोलीको उपाधि यात्रामा पूर्णविराम लागेको छ।

यसपटकको एनपिएलमा केही टोलीले सुरुआतदेखि नै सन्तुलित प्रदर्शन गर्दै आफूलाई उपाधि दाबेदारका रूपमा प्रस्तुत गरे। केही टोलीले भने अपेक्षाअनुसारको लय समात्न सकेनन्। '▪ ब्याटिङ' र 'बलिङ' दुवैमा प्रभावशाली देखिएका टोलीले लिग चरणमा आफ्नो वर्चस्व कायम गर्दा कमजोर प्रदर्शन गर्ने टोली भने प्रतियोगिताबाट बाहिरिएका छन्।

लिग चरणको प्रदर्शनका आधारमा सर्वाधिक सफल टोलीको सूचीमा लुम्बिनी लायन्स शीर्ष स्थानमा रह्यो। रोहितकुमार पौडेलको नेतृत्वमा रहेको लुम्बिनीले सात खेलमध्ये पाँचमा जित, एकमा हार तथा एक खेलमा वर्षाका कारण अङ्क बाँडेको थियो। यससँगै उसले सर्वाधिक ११ अङ्क जोड्दै अङ्क तालिकाको पहिलो स्थानमा रहेर लिग चरणको अन्त्य गऱ्यो।

गत संस्करणको उपाधि विजेता पनि रहेको लुम्बिनीले यसपटक पनि आफ्नो प्रभावशाली प्रदर्शनलाई निरन्तरता दिएको छ। टोलीले सुरुआतदेखि नै प्रतिस्पर्धात्मक खेल प्रस्तुत गर्दै आफूलाई उपाधि रक्षाको बलियो दाबेदारका रूपमा उभ्याएको छ। कप्तान रोहितको नेतृत्वमा रहेको टोलीले ब्याटिङ र बलिङ दुवै पक्षमा सन्तुलन कायम राख्नु उसको सफलताको महत्त्वपूर्ण आधार बन्यो। अब लुम्बिनीको लक्ष्य प्लेअफमा समेत यही लयलाई निरन्तरता दिँदै लगातार दोस्रोपटक उपाधि जित्ने हुनेछ।

लगातार दुई संस्करणको फाइनल खेलेको सुदूरपश्चिम रोयल्सले पनि यसपटक आफ्नो बलियो उपस्थिति कायम राखेको छ। दीपेन्द्र सिंह ऐरीको नेतृत्वमा रहेको सुदूरपश्चिमले सात खेलमध्ये पाँचमा जित र दुईमा हार व्यहोर्दै १० अङ्क जोड्यो। ऊ अङ्क तालिकाको दोस्रो स्थानमा रह्यो।

सुदूरपश्चिमका लागि यो सिजन पनि निरन्तरता कायम राख्ने अवसर बनेको छ। अघिल्ला दुई संस्करणमा फाइनलसम्मको यात्रा तय गरेको टोलीले यसपटक पनि प्लेअफमा स्थान सुरक्षित गर्दै उपाधि दौडलाई जीवित राखेको छ। लगातार तीन संस्करण प्लेअफमा पुग्ने पहिलो टोली बनेको सुदूरपश्चिम यसपटक विगतका दुई फाइनलको अनुभवलाई उपाधिमा बदल्ने लक्ष्यमा हुनेछ।

यस संस्करणमा काठमाण्डु गोर्खाजको प्रदर्शन पनि उल्लेखनीय रह्यो। करण केसीको नेतृत्वमा रहेको काठमाण्डुले सात खेलमध्ये चारमा जित र तीनमा हार व्यहोर्दै आठ अङ्क जोड्यो। ऊ अङ्क तालिकाको तेस्रो स्थानमा रहँदै प्लेअफमा पुग्न सफल भयो।

काठमाण्डुले लिग चरणमा केही बलिया टोलीलाई चुनौती दिँदै आफ्नो प्रतिस्पर्धात्मक क्षमता देखाएको छ। टोलीका लागि जित र हारबीचको उतारचढाव रहे पनि निर्णायक खेलमा प्राप्त नतिजाले प्लेअफको बाटो खुला गऱ्यो। लगातार दोस्रोपटक प्लेअफमा पुगेको काठमाण्डुले अब उपाधि यात्रालाई थप अघि बढाउन आफ्नो प्रदर्शनमा निरन्तरता दिनुपर्नेछ।

प्लेअफमा स्थान बनाउने चौथो टोली चितवन राइनोजका लागि भने लिग चरण मिश्रित रह्यो। चितवनले सात खेलमध्ये तीनमा जित र तीनमा हार व्यहोर्दा एक खेल वर्षाका कारण रद्द भएको थियो। यससँगै उसले सात अङ्क जोड्दै तालिकाको चौथो स्थान हासिल गऱ्यो।

लिग चरणमा चितवनले अपेक्षाकृत स्थिर प्रदर्शन गर्न नसके पनि आवश्यक खेलमा जित निकाल्दै प्लेअफमा पुग्न सफल भयो। जित र हारको समान सङ्ख्या तथा वर्षाका कारण बाँडिएको एक अङ्कले उसको यात्रा केही उतारचढावपूर्ण बनेको देखिन्छ। अब चितवनसामु लिग चरणका कमजोरी सुधार्दै नकआउट चरणमा थप प्रभावशाली प्रदर्शन गर्ने चुनौती छ।

गत संस्करणको लिग चरणमा दोस्रो स्थान हासिल गरेको विराटनगर किङ्सका लागि भने यसपटकको एनपिएल सुखद रहन सकेन। उसले सात खेलमध्ये तीनमा जित र तीनमा हार व्यहोर्दा एक खेल वर्षाका कारण रद्द भएको थियो। यससँगै उसले सात अङ्क जोड्दै तालिकाको चौथो स्थान हासिल गऱ्यो।

लिग चरणमा टोलीले अपेक्षाअनुसारको निरन्तरता कायम राख्न नसक्दा उसको प्लेअफ यात्रा समाप्त भयो। अघिल्लो संस्करणको प्रदर्शनलाई आधार मान्दा यसपटक विराटनगरबाट थप राम्रो नतिजाको अपेक्षा गरिएको थियो। तर, प्रतिस्पर्धात्मक लिगमा साना कमजोरीको मूल्य उसलाई महँगो साबित भयो।

कर्णाली याक्सका लागि पनि एनपिएलको तेस्रो संस्करण उपलब्धिमूलक बन्न सकेन। उसले सात खेलमध्ये तीनमा जित र चारमा हार व्यहोर्दै अङ्क तालिकाको छैटौँ स्थानमा रहेर प्रतियोगिता टुङ्ग्यायो। केही खेलमा प्रतिस्पर्धात्मक प्रदर्शन गरे पनि त्यसलाई निरन्तर जितमा परिणत गर्न नसक्नु कर्णालीका लागि महँगो साबित भयो। फलस्वरूप टोलीले प्लेअफमा स्थान बनाउन सकेन।

पोखरा एभेन्जर्सको एनपिएल यात्रा पनि यसपटक निराशाजनक रह्यो। सात खेलमध्ये दुईमा मात्र जित निकाल्न सफल पोखराले पाँच खेलमा पराजय व्यहोऱ्यो। चार अङ्क जोडेको पोखरा अङ्क तालिकाको सातौँ स्थानमा रह्यो।

गत संस्करणमा पाँचौँ स्थान हासिल गरेको पोखराले यसपटक पनि आफ्नो प्रदर्शनमा अपेक्षित सुधार गर्न सकेन। प्रतियोगिताका तीनवटै संस्करणमा सहभागिता जनाए पनि हालसम्म प्लेअफमा स्थान बनाउन नसकेको पोखराका लागि यो निरन्तरको निराशा हो। टोलीले आगामी संस्करणमा आफ्नो खेल रणनीति र समग्र प्रदर्शनमा सुधार गर्नुपर्ने देखिएको छ।

पहिलो संस्करणको उपाधि विजेता जनकपुर बोल्ट्सका लागि भने तेस्रो संस्करण सबैभन्दा निराशाजनक रह्यो। जनकपुरले सात खेलमध्ये दुईमा मात्र जित निकाल्दा पाँच खेलमा हार व्यहोऱ्यो। चार अङ्क जोडेको जनकपुर अङ्क तालिकाको अन्तिम अर्थात् आठौँ स्थानमा रह्यो।

पहिलो संस्करणको उपाधि जितेर एनपिएलमा आफ्नो बलियो पहिचान बनाएको जनकपुरले त्यसपछिका संस्करणमा भने अपेक्षित प्रदर्शन गर्न सकेको छैन। गत संस्करणमा पनि अङ्क तालिकाको पुछारमा रहेको जनकपुर यसपटक पनि सोही स्थानमा सीमित भयो। लगातार कमजोर नतिजाले टोलीको आगामी यात्रालाई थप चुनौतीपूर्ण बनाएको छ।

लिग चरण सकिएसँगै अब प्रतियोगिता उपाधिको निर्णायक मोडमा प्रवेश गरेको छ। चार टोलीबीच हुने प्लेअफ प्रतिस्पर्धाले यस संस्करणको विजेताको टुङ्गो लगाउनेछ। लिग चरणमा शीर्ष स्थान हासिल गरेको लुम्बिनी आफ्नो उपाधि रक्षा गर्ने लक्ष्यमा रहँदा सुदूरपश्चिम, काठमाण्डु र चितवन पनि पहिलोपटक उपाधि उचाल्ने योजनासहित मैदानमा उत्रनेछन्।

लामिछाने दम्पतीद्वारा गंगासागर छठघाटमा उदाउँदो सूर्यलाई अर्घ्य

जनकपुरधाम, ३० कात्तिक (रासस)।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने र उहाँकी पत्नी निकिता पौडेल लामिछानेले जनकपुरधामस्थित गङ्गासागर पोखरीको छठघाटमा सोमबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिनुभएको छ।

छठ पर्व मनाउन जनकपुरधाम आउनुभएका लामिछाने दम्पतीले गङ्गासागरस्थित छठघाटमा आइतबार साँझ अस्ताउँदो सूर्य र सोमबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिनुभएको हो।

उपमहानगरपालिका-२ स्थित शिवचोकमा रहेको नरेश साहको घरबाट उहाँहरू ढाकी बोकी छठघाट पुग्नुभएको थियो। उहाँहरूसँगै परिवारका अन्य सदस्य तथा शुभेच्छुक पनि छठघाट पुगेका थिए।

रैथाने बासमती धान लोपोन्मुख अवस्थामा

उदयपुर, ३० कात्तिक (रासस)।

कुनै समय उच्च गुणस्तर र विशिष्ट बास्नाका कारण पहिचान बनाएको यहाँको रैथाने बासमती धानको खेती पछिल्लो समय घट्दै गएको छ। छोटो समयमा बढी उत्पादन दिने वर्णशङ्कर (हाइब्रिड) जातका धानप्रति कृषकको आकर्षण बढ्नु, सिँचाइ अभाव, रोगकिराको प्रकोप र उत्पादन लागत बढ्नुले परम्परागत बासमती खेती लोप हुने अवस्थामा पुगेको हो।

विशेषगरी त्रियुगा नदीको तटीय क्षेत्रमा उत्पादन हुँदै आएको स्थानीय बासमती, करियाकामत (कालो बासमती) र चनमचुर धानको खेती क्रमशः घट्दै गएको छ। अन्य धानको तुलनामा बासमती खेती गर्न बढी समय र मेहनत लाग्ने तर उत्पादन कम हुने भएकाले कृषकले यसको खेती घटाउँदै लगेको बताएका छन्। पछिल्लो समय बासमतीको मौलिक बास्ना पनि हराउँदै गएको उनीहरूको भनाइ छ।

स्थानीय कृषक सोमबहादुर दनुवारका अनुसार कृत्रिम बास्ना मिसाइएका आयातित बासमती चामलले बजार ओगटेपछि स्थानीय रैथाने बासमती विस्थापित हुँदै गएको छ। चौदण्डीगढी नगरपालिका-१० हडियाका हरिप्रसाद पौडेल पनि कृषकले परम्परागत जात छाडेर उन्नत धान लगाउन थालेको बताउनुहुन्छ। उहाँका अनुसार पहिले पर्याप्त उत्पादन दिने बासमती, करियाकामत र चनमचुर धानले अहिले अपेक्षाअनुसार उत्पादन दिन छाडेका छन्। त्यसैले कृषकले घरायसी उपभोगका लागि मात्र यसको खेती गर्न थालेका छन्।

त्रियुगा नगरपालिका-९ सुन्दरपुरका वडाध्यक्ष राजकुमार दनुवारका अनुसार उहाँका बाजेले १० बिघा र बुबाले तीनदेखि चार बिघासम्म बासमती खेती गर्नुहुन्थ्यो। तर अहिले खेतीयोग्य जमिन घट्नु र उत्पादनमा कमी आउनुले केही जग्गामा मात्र बासमती लगाउने गरिएको छ।

स्थानीय बजारमा बासमती चामल प्रतिकिलोग्राम करिब रु १३० मा बिक्री भइरहेको छ। त्रियुगा नगरपालिका-११ गाईघाटका अग्रज कृषक नारायणबहादुर बस्नेतका अनुसार पर्याप्त सिँचाइ र कम्पोस्ट मलको अभावले पनि रैथाने धानको उत्पादन प्रभावित भएको छ।

त्रियुगा नगरपालिकाका कृषि शाखा प्रमुख माधव राउत जलवायु परिवर्तनका कारण खोलानाला सुक्दै जानु र पशुपालन घट्नुले कम्पोस्ट मलको उपलब्धता कम भएको बताउनुहुन्छ।

कृषि ज्ञान केन्द्र उदयपुरका अनुसार चालु आर्थिक वर्ष २०८३/८४ मा जिल्लाको १३ हजार ३८० हेक्टर क्षेत्रफलमध्ये १२ हजार ८७७ हेक्टरमा धान खेती गरिएको छ। गत आर्थिक वर्ष २०८२/८३ मा १२ हजार ९१२ हेक्टरमा खेती हुँदा ३१ हजार ३१८ मेट्रिक टन धान उत्पादन भएको थियो। जिल्लामा खेती गरिएको धानमध्ये सात हजार ३०३ हेक्टरमा मात्र सिँचाइ सुविधा उपलब्ध छ।

त्रियुगा, चौदण्डीगढी, बेलका र कटारीका समथर भूभाग तथा भित्री मधेसका फाँटमा धान खेती हुँदै आएको छ। सिँचाइ, गुणस्तरीय बीउ र संरक्षणका कार्यक्रम प्रभावकारी नबनाइए रैथाने बासमतीको मौलिक पहिचान नै हराउने जोखिम बढेको छ।

मोटरसाइकलको ठक्करबाट युवकको मृत्यु

दैनिक समाचारदाता

जनकपुरधाम, ३० कात्तिक।

धनुषाको जनकपुरधाम उपमहानगरपालिका १९ कठाइतमा मोटरसाइकलको ठक्करबाट एक युवकको मृत्यु भएको छ।

श्रीपुरबाट कठाइततर्फ जाँदै गरेको प्रदेश २-००४ प २०४६ नम्बरको मोटरसाइकलले गएराति ठक्कर दिँदा पैदलयात्री मिथिलाविहारी नगरपालिका-९ कटरेज टोल निवासी २६ वर्षीय प्रशान्तकुमार यादवको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले जानकारी दिए।

गम्भीर घाइते भएका यादवको मृत्यु भएको हुँदा चालक र मोटरसाइकललाई नियन्त्रण लिई आवश्यक अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक खनालले बताए।

लोकआस्थाको ...

काठमाडौँसहित पहाडी क्षेत्र र अन्य समुदायमाझ पनि उत्तिकै लोकप्रिय बन्दै गएको छ।

मिथिलामा छठको प्रसाद खाने ख्याउने क्रम महिना दिनसम्म चलीरहन्छ। खासगरी छोरीचेली, फुपू, मित र अन्य इष्टमित्रकहाँ छठको प्रसादको 'भार' (सोली) नै पठाउने मैथिल चलन छ।

शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

अनुरोधकर्ता

तिरहुत गाउँपालिकाको कार्यालय, सप्तरी

प्रकाशक/सहसम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, ***वेवसाइट*** : *rajbirajdainik.com.np*